स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता अनमोल केसी स्टारर फिल्म "बाटुलो जून"को टिजर सार्वजनिक भएको छ। भुवन केसी निर्देशित फिल्मको टिजरमार्फत निर्माण पक्षले यसको कथाको परिवेश र प्रेमकथाको झलक प्रस्तुत गरेको हो। ३० को दशकको परिवेशमा आधारित "बाटुलो जून"ले त्यतिबेलाको सामाजिक अवस्था, जीवनशैली र प्रेम गर्ने तौरतरिकालाई कथामा समेटेको छ। अनमोलले टिजर सार्वजनिक गर्दै सामाजिक सञ्जालमा यो आफ्नो फिल्म यात्राको १२ औं पाइला भएको उल्लेख गरेका छन्।

आजको विचार...



स्थानीय...

(दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



मलिका महत हेर्दा जति क्युट र "ग्लामर्स" लाग्छिन्, पर्दामा हरेक चरित्रमा उति नै फिट। मोडलिङ हुँदै कलाकारिताको दुनियाँमा प्रवेश गरेकी मलिकाको डेब्यु फिल्म "यात्रा" हो। त्यसपछि "पानी फोटो", "अगस्त्य", "सतीदेवी" लगायत केही फिल्म प्रदर्शनमा आए। तर कुनै पनि फिल्म बक्स अफिसमा सफल हुन सकेनन्, यद्यपि उनको अभिनयको प्रशंसा सबैले गरे। यो फिल्मबाट उनले राष्ट्रिय अवार्ड समेत प्राप्त गर्न सफल भइन्। मलिका र अभिनेता पल शाहको स्क्रिन जोडीलाई दर्शकहरूले निकै रुचाएका छन्।

❒ वर्ष ३२ ❒ अंक ७८ ❒ २०८३ असोज १७ गते शनिबार 3 October 2026, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आजदेखि महालक्ष्मी व्रत समाप्त

**पाल्पा,** असोज १६/ हिन्दू धर्मावलम्बी महिलाहरूले श्रद्धापूर्वक मनाउँदै आएको महालक्ष्मी व्रत आज विधिपूर्वक समाप्त हुँदै छ । व्रतको अन्तिम दिन भक्तजनहरूले बिहानै स्नान गरी महालक्ष्मीको पूजा-आराधना गर्दै व्रत समापन गर्न लागेका हुन् । असोज २ गतेदेखि प्रारम्भ भई आज असोज १७ गते समापन गर्न लागिएको हो । महालक्ष्मी व्रतका अवसरमा घर-घरमा महालक्ष्मीको पूजा गरी दीप प्रज्वलन, धूप-दीप तथा विभिन्न प्रसाद चढाइन्छ । यस दिन व्रतालुहरूले परिवारको सुख, शान्ति, समृद्धि तथा आरोग्यको कामना गर्दै पूजाआजा गर्ने गर्छन् । व्रत समापनका क्रममा कतिपय स्थानमा महिलाहरूले सामूहिक रूपमा पूजा तथा भजन-कीर्तनसमेत गर्ने गर्दछन् । धार्मिक मान्यताअनुसार महालक्ष्मीको आराधना र व्रत बस्दा घरमा सुख-समृद्धि कायम हुने विश्वास रहँदै आएको छ । महालक्ष्मी व्रत पनि त्यही एउटा पुरानो सांस्कृतिक सम्पदा हो । यसलाई केवल व्रत, पूजा र समृद्धिको कामनामा सीमित गरेर बुझ्यौं भने यसको गहिराइसँग अन्याय हुन्छ । यी सोह्र दिन घरको पूजाकोठामा लक्ष्मीमाताको स्थापना गरिन्छ । सोह्र थरी फूल, धूप, दीप र नैवेद्य अर्पण गरिन्छ। अखण्ड दीप प्रज्वलित गरिन्छ। एकछाक चोखो भोजन गरिन्छ । श्रद्धापूर्वक आराधना गरिन्छ ।

# सुरक्षित घर पाएपछि फर्कियो एकल आमाहरुमा खुसी

हाम्रा संवाददाता

**पाल्पा,** असोज १६/जिल्लाको रामपुर नगरपालिका-४ छतिवन डाँडाकी विष्णुमाया रानाले श्रीमान् गुमाउनुको गहिरो पीडा र त्यसमाथि भूकम्पले चर्किएको जीर्ण घरमा १६ वर्ष मुनीका बच्चा च्यापेर लामो समय कष्टकर दिन विताइन् । हरेक वर्खामा पानी र हुरीबतासमा ओतकै चिन्ताले उनलाई सताउँथ्यो ।

तर, अहिले हातमा नयाँ सुरक्षित घरको साँचो पर्दा उनको खुसी फर्किएको छ । अमेरिकी संस्था 'निवास' को सहयोग, टुकी फाउन्डेसन र रामपुर नगरपालिकाको आर्थिक साझेदारीमा उनका लागि सुरक्षित आवास निर्माण गरी घरआँगनमै पुगेर साँचो हस्तान्तरण गरेपछि खुसी छाएको हो । भूकम्पले चर्किएको पुरानो घरमा बस्दै आएकी उनलाई अब भने त्यही असुरक्षित घरमा रात काट्नुपर्ने बाध्यता हटेको छ । नयाँ घरको साँचो हातमा पर्दा उनको अनुहारमा देखिएको



खुसीले लामो समयदेखिको पीडा केही हलुका भएको अनुभूति हुन्थ्यो । राना जस्तै यहाँका विपन्न एकल आमाहरूका लागि सुरक्षित घर प्रदान गरेसँगै उत्साह छाएको छ । रामपुर नगरपालिका-२ खयरबोटकी बन्दना विश्वकर्मा र वडा नं. ६ माझटोलकी गनमाया घर्तीले पनि भूकम्पप्रतिरोधी चिटिक्क परेका दुई कोठे नयाँ घर र शौचालय पाएपछि जीवनमा नयाँ उज्यालो छाएको बताइन् ।

"चर्किएको पुरानो घरमा डरैडरमा दिन काट्नु परेको थियो, अहिले चिटिक्क परेको आफ्नै सुरक्षित घर पाउँदा खुसीको सीमा नै छैन," घरको ताला-साँचो बुझ्दै गनमाया घर्तीले भनिन् ।

बन्दना विश्वकर्माले पनि घर पाएपछि खुसी व्यक्त गर्दै सहयोग गर्ने संस्था र नगरपालिकाप्रति आभार व्यक्त गरेकी छन् । घर हस्तान्तरण गर्दै रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले श्रीमान् गुमाएका र सहाराविहीन महिलालाई सुरक्षित आवास उपलब्ध गराउने उद्देश्यले फाउण्डेशनसँगको सहकार्यमा घर निर्माण गरि साँचो बुझाईएको बताए । उनका अनुसार नगरपालिकाले विपन्न परिवारसँगै सहाराविहीन नागरिकको आवश्यकता पहिचान गरी सहयोग गर्दै आएको छ । तीन परिवारका लागि घर निर्माण भइसके पनि आवश्यकता भने अझै बाँकी रहेको मेयर थापाको भनाइ छ । आगामी वर्षका लागि पनि थप घर निर्माणको प्रक्रिया अघि बढाइएको उनले बताए । मेयर थापाले घर मात्रै भएर परिवार चलाउन सहज नहुने भन्दै आवाससँगै उनीहरूलाई आत्मनिर्भर बनाउन स्वरोजगारका कार्यक्रममा जोड्ने योजना समेत नगरपालिकाले बनाएको उल्लेख गरे ।

*-बाँकी अन्तिम पेजमा...*

# तिनाउमा हाम फालेर युवक बेपत्ता



**बुटवल,** असोज १६/ रुपन्देहीको बुटवलस्थित तिनाउ नदीमा हाम फालेका एक युवक बेपत्ता भएका छन् । बुटवल उपमहानगरपालिका-११, देवीनगर र बुद्धनगर जोड्ने तिनाउ नदीको पुलबाट विहीबार राती करिब ३५/३६ वर्षीय पुरुष नदीमा हाम फालेर बेपत्ता भएको बुटवल ११ का जनप्रतिनिधि नकुल शाहीले जनाएका छन् ।

इलाका प्रहरी कार्यालय बुटवलका अनुसार हालसम्म उनको नाम, थर र ठेगाना खुलेको छैन । स्थानीयका अनुसार उनी बजार क्षेत्रमा नियमित मदिरा सेवन गर्ने तथा मागेर खाने गरेको बताइएको छ । प्रहरीले स्थानीयको सहयोगमा तिनाउ नदीका सम्भावित स्थानमा खोजी गरे पनि युवक फेला पर्न नसकेको जनाएको छ । नदीमा हामफालेर बेपत्ता भएको सूचना पाएलगत्तै प्रहरी र स्थानीयले खोजी गरिरहेका छन् । पछिल्लो समय तिनाउ नदीमा पानीको बहाव बढेका कारण खोजी कार्यमा थप कठिनाइ भएको प्रहरीले जनाएको छ । प्रहरीले खोजी कार्यलाई निरन्तरता दिँदै घटनाबारे थप विवरण संकलन गरिरहेको जनाएको छ ।

# छुट्टाछुट्टै सवारी दुर्घटनामा पाँच जनाको मृत्यु

**पाल्पा,** असोज १६/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी पाँच जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार भक्तपुर, अछाम, सप्तरी, कास्की, सिराहा लगायतका स्थानमा भएको सवारी दुर्घटनामा परी पाँच जनाको मृत्यु भएको हो ।

भक्तपुरको मध्यपुर थिमि नगरपालिका-१ लोकन्थली चोकस्थित सडकमा मोटरसाइकल एक आपसमा ठोक्किदा एक जनको मृत्यु भएको छ । बा.प्र.०८-००१ प ०५२१ नम्बरको मोटरसाइकललाई बा.प्र.०२-०६५ प ४४९७ नम्बरको मोटरसाइकलले शुक्रबार बिहान ठक्कर दिँदा बा.प्र.०२-०६५ प ४४९७ नम्बरको मोटरसाइकल चालक भक्तपुर सिपाडोल बस्ने दोलखा बैतेश्वर गाउँपालिका-४ घर भएका २३ वर्षीय प्रबिन दाहालको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको भक्तपुर इन्टरनेश्नल अस्पताल कौशलटारमा



उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका बा. प्र.०८-००१ प ०५२१ नम्बरको मोटरसाइकल चालकको सोही अस्पतालमा उपचार भइरहेको छ । यस्तै सप्तरीको बलान बिहुल गाउँपालिका-२ चन्ही चोकस्थित सडकमा मोटसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । चन्हीबाट बोदेबरसाईनतर्फ जाँदै गरेको मधेश प्रदेश ०१-००५ प २२३० नम्बरको मोटरसाइकल अनियन्त्रत भई दुर्घटना हुदाँ चालक डाक्नेश्वरी नगरपालिका-२ हैराहा पातो टोल बस्ने ३० वर्षीय भागेश्वर यादवको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको गजेन्द्र नारायण अस्पताल राजबिराज हुँदै बिपि स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान घोपामा थप उपचारको क्रममा मृत्यु भएको हो ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मुस्कुराउन सिकाऔं

शुक्रबार विश्व मुस्कान दिवस मनाइएका छ । सामान्यतः अक्टोबर महिनाको पहिलो शुक्रबार यो दिवस मनाउने गरिन्छ । खुलेर हाँस्नुलाई एक महत्वपूर्ण उपचार मानिन्छ । यसबाट धेरै मानसिक समस्याको समाधान गर्न सकिन्छ । मानिस हाँस्दा सबै मांशपेशी सक्रिय हुन्छन् । रक्तसञ्चार पनि राम्रो हुने गर्छ । यसले मानिसको शरीरमा पर्याप्त मात्रामा अक्सिजन पुग्ने गर्छ । जुन शरीरलाई स्वस्थ राख्नमा सहयोग पुग्दछ ।

मुस्कानका लागि धन, समय वा विशेष अवसर आवश्यक पर्दैन । तर आजको व्यस्त, प्रतिस्पर्धात्मक र तनावपूर्ण जीवनशैलीमा मानिसहरू मुस्कुराउनै बिर्सिंदै गएका छन् । चिन्ता, निराशा, असन्तुष्टि र आपसी अविश्वासले हाम्रो दैनिक जीवनलाई बोझिलो बनाइरहेको छ । यस्तो अवस्थामा हामीले आफैं मुस्कुराउन र अरूलाई पनि मुस्कुराउन सिकाउन आवश्यक छ । मुस्कान केवल ओठको भाव होइन, यो सकारात्मक सोच र आत्मीयताको अभिव्यक्ति पनि हो । अपरिचित व्यक्तिलाई दिएको एउटा आत्मीय मुस्कानले सम्बन्धको सुरुवात गर्न सक्छ । दु:खी व्यक्तिप्रति देखाइएको मुस्कानले उसलाई आफू एक्लो छैन भन्ने अनुभूति दिलाउन सक्छ । परिवारमा, विद्यालयमा, कार्यस्थलमा वा सार्वजनिक जीवनमा आत्मीय मुस्कानले वातावरणलाई सहज र सौहार्दपूर्ण बनाउन ठूलो भूमिका खेल्छ । तर मुस्कुराउनु भनेको समस्यालाई लुकाउनु वा पीडालाई अस्वीकार गर्नु होइन । जीवनमा दु:ख, असफलता र कठिनाइ आउँछन् नै । त्यस्ता परिस्थितिमा पनि आशा कायम राख्नु, अरूको पीडा बुझ्नु र कठिन समयसँग सकारात्मक ढङ्गले जुध्नु नै वास्तविक मुस्कान हो । जब हामी अरूको दु:खलाई बुझेर सहयोगको हात बढाउँछौं, त्यहाँबाट साँचो खुसी जन्मिन्छ । आज समाजमा बढिरहेको असहिष्णुता र दूरी कम गर्न पनि मुस्कान एउटा सरल माध्यम बन्न सक्छ । हामीले अरूलाई सम्मानपूर्वक बोल्ने, सानो सहयोग गर्ने, धन्यवाद दिने, गल्तीमा क्षमा माग्ने र क्षमा गर्न सक्ने संस्कार विकास गर्नुपर्छ । यस्ता साना व्यवहारले मानिसबीच विश्वास र आत्मीयता बढाउँछन् । तसर्थ आजदेखि नै एउटा संकल्प गरौं–आफू पनि मुस्कुराऔं, अरूलाई पनि मुस्कुराउन सिकाऔं ।

### Opinion @ Social Network

हराउँदै गए म,
म हुनु र नहुनुमा कसैलाई केही फरक नै परेन !
*(राजेन्द्र थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Rajendra.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# स्थानीय तह सरकारको भूमिकामा कहिले उभिने ?



**दुर्गा प्रसाद अर्याल**

*देशका ७५३ स्थानीय तहहरु मध्ये केही स्थानीय तह बाहेक अधिकाश सरकारको भूमिकामा आफूलाई उभ्याउन सकेको देखिदैन् । साना तिना अठ्यारामा केन्द्र तिरै नजर लगाउनु पर्ने स्थितीको सिर्जना भएको छ भन्दा दुईमत नरहला । नयाँ सरचना कतै अधिकारको दुरुपयोग गर्न ,थप अस्थिरता निमत्याउन ,कार्य सञ्चालनमा अठ्यारो पार्नका लागि मात्रै त थिएनन् ? अनुत्तरीत प्रश्न सिर्जना भएको छ । धेरैले प्राप्त बजेट सक्ने बाहेक सरकारको भूमिकामा आफुलाई उभ्याउन सकेनन् । पालीकाको काम भनेको पूर्वाधारको निमार्ण गर्ने हो भन्ने मानसिकता भएका जनप्रतिनिधि र कर्मचारी प्रशासनका कारण अनिवार्य रुपमा सुधार गर्नु पर्ने शिक्षा र जनस्वास्थ्यका क्षेत्रमा धेरै लगानी गर्न चाहेनन् किनकी त्यहाँ धेरै मतदाताको आकर्षण बन्दैन् रे । आगामी चुनाव जित्नलाई मतदातालाई लोभ्याउने ललीपप जस्ता केहि बेर टिक्ने योजनामा मात्रै खर्च गर्नु पर्दछ रे । जनता माझ जनप्रतिनिधिका कुरा यस्तै यस्तै सुनिन्छन् ,परिणाम पनि यस्तै यस्तै देखिन्छ । सुविधा सरकारको लिने जनप्रतिनिधि कार्य भने कर्मकाण्डी मात्रै गर्दैछन् । यहाँ यसै सँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ । नेपालको सविधान २०७२ अनुशार स्थानीय तह भन्नाले गाउँपालिका ,नगरपालिका र जिल्ला सभा हो । गाउँपालिका एक भौगोलिक तथा शासकीय तह हो जसको कार्यकारणी अंग गाउँ कार्यपालिका र व्यबस्थापकिय अंग गाउँ सभा हो भने त्यस्तै गरि नगरपलिकाको पनि सोहि अनुशार नगर कार्यपालिका र नगर सभा हुने गर्दछ ।*

कुहिरोमा अलमलिएको काग जस्तै माल पाएर चाल नपाएका जस्ता भूमिकामा देखिने स्थानीय तह आफ्नो काम ,कर्तव्य र अधिकार कति भन्ने नबुझ्दै /बुझ्न नखोज्दै करीब एक दशक अवधि समय बेथित गर्दै छन् । संविधानमा परिकल्पना गरिएको सिंहदरबारको अनुभूती जनतालाई दिन हैन सिंहको अनुभूती दिन सफल भए तर दरबारको होईन् । देशका ७५३ स्थानीय तहहरु मध्ये केही स्थानीय तह बाहेक अधिकाश सरकारको भूमिकामा आफूलाई उभ्याउन सकेको देखिदैन् । साना तिना अप्ठयारामा केन्द्र तिरै नजर लगाउनु पर्ने स्थितीको सिर्जना भएको छ भन्दा दुईमत नरहला । नयाँ सरचना कतै अधिकारको दुरुपयोग गर्न ,थप अस्थिरता निमत्याउन ,कार्य सञ्चालनमा अप्ठयारो पार्नका लागि मात्रै त थिएनन् ? अनुत्तरीत प्रश्न सिर्जना भएको छ । धेरैले प्राप्त बजेट सक्ने बाहेक सरकारको भूमिकामा आफुलाई उभ्याउन सकेनन् । पालीकाको काम भनेको पूर्वाधारको निमार्ण गर्ने हो भन्ने मानसिकता भएका जनप्रतिनिधि र कर्मचारी प्रशासनका कारण अनिवार्य रुपमा सुधार गर्नु पर्ने शिक्षा र जनस्वास्थ्यका क्षेत्रमा धेरै लगानी गर्न चाहेनन् किनकी त्यहाँ धेरै मतदाताको आकर्षण बन्दैन् रे । आगामी चुनाव जित्नलाई मतदातालाई लोभ्याउने ललीपप जस्ता केहि बेर टिक्ने योजनामा मात्रै खर्च गर्नु पर्दछ रे । जनता माझ जनप्रतिनिधिका कुरा यस्तै यस्तै सुनिन्छन् ,परिणाम पनि यस्तै यस्तै देखिन्छ । सुविधा सरकारको लिने जनप्रतिनिधि कार्य भने कर्मकाण्डी मात्रै गर्दैछन् । यहाँ यसै सँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

नेपालको संविधान २०७२ अनुशार स्थानीय तह भन्नाले गाउँपालिका ,नगरपालिका र जिल्ला सभा हो । गाउँपालिका एक भौगोलिक तथा शासकीय तह हो जसको कार्यकारणी अंग गाउँ कार्यपालिका र व्यबस्थापकिय अंग गाउँ सभा हो भने त्यस्तै गरि नगरपीलकाको पनि सोहि अनुशार नगर कार्यपालिका र नगर सभा हुने गर्दछ । जिल्ला सभाले सम्वन्धित जिल्लाका स्थानीय तहहरु बिच समन्वयको भूमिका निर्भाह गर्ने गर्दछ । स्थानीय क्षेत्रको शान्ति सुरक्षा,विकास तथा प्रशासन स्थानीय क्षेत्रकै प्रतिनिधी द्वारा सञ्चालन गर्ने सरकार स्थानीय सरकार हो तर यो सरकारको रुपमा नभएर स्थानीय तहको रुपमा कार्य गरेको देखिन्छ । भन्ने गरिन्छ यहि कारण संविधानले अधिकार सम्पन्न सहितको परिकल्पना गरेको स्थानीय सरकार सरकार जस्तो नभएर साविको गाबिस जस्तै एउटा तहको रुपमा देखिन्छ । नेपालको संविधान २०७२ ले निर्धारण गरेको राज्यको नयाँ सरचना संगै स्थानीय सरकारको रुपमा ७५३ वटा स्थानीय तहको अभ्यास र नेपालको राज्य सञ्चालनको शाशकीय स्वरुपको एक अंगको रुपमा रहेको देखिन्छ । आफ्नो स्थानीय क्षेत्र भित्रका जनतालाई घर आगनमै रहेर स्थानीय सरकार भएको अनुभूती दिनु यस सरकारको मुख्य उद्देश्य हो । यस तहको अभ्यासको करीब एक दशक बिद्दै गर्दा यो अनुभुती दिन स्थानीय सरकारहरु भने सफल देखिन्छन् । केहि स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन - २०७४ ले दिएको अधिकारमा रहेर सरकारकै भूमिकामा देखिन्छन् तर धेरै स्थानीय सरकारहरु केन्द्र सरकारले दिएको अनुदानकै आधारमा बजेटको कनिका छराई गर्दै कर्मकाण्डी कार्य गरेर समय बेथित गरेको देखिन्छ ।

धेरै स्थानीय तहहरुले स्थानीय शाशन व्यवस्थाको मर्म विपरीत हस्क्षेपकारी कार्यशैली अबलम्बन गरेको देखिन्छ । अधिक राजनीतिकरण र हस्तक्षेपलाई बढाउदै लगेको देखिन्छ । वित्तीय अनुशाशन भन्दा माथि उठेर खर्च गर्दै लगेको कारण बेरुजुको अंश अत्याधिक बढेको देखिन्छ । कर्मचारीलाई नियम बिपरीत कार्य गर्न दबाब दिने ,काम गर्ननै नसक्ने देखिन्छ । अनावश्यक सेवा सुविधा थप्ने । ऐन नियम पालनमा ध्यान नदिने । पुँजीगत खर्चको अवस्था विगतमा जस्तै दयनिय । स्थानीय स्रोत साधनको परिचालनमा कुनै योजना नबनाउनु । स्थानीय उत्पादन र रोजगारी सिर्जनामा ध्यान नदिनु । विभिन्न कारण देखाएर गर्नु पर्ने काम नगर्ने ,नगर्नु पर्ने काम गर्ने तर्फ स्थानीय तह केन्द्रीत देखिन्छन् । अनावश्य करार नियुक्ती गरि बजेटमा व्ययभार थप्ने । राजनीतिक प्रभावका आधारमा बजेट वितरण गर्ने । स्वेच्छाचारी रुपमा कार्य संचालन गर्नुले जुन परिकल्पनाका साथ स्थानीय तह बनाईयो त्यो परिकल्पना साकार हुने अवस्था यहि अवस्थामा देखिदैन् । लगाम बिनाको घोडा जस्ता भएका स्थानीय तहको नियन्त्रण र निगमन नगरिएमा यी व्यबस्था असफलताका कारक बन्न सक्नेमा दुईमत नरहला । यस्तै जनता बजारबाट दैनिक भान्सामा हरीयो तरकारी हैन् मन्द रुपमा बिष खाईरहेका छन् । डेरीबाट दुध हैन् क्यामिकल खाईरहेका छन् । व्यापारी आफु खुशी मूल्य राखिरहेका छन् उपभोक्ताको बढ्दो महगीले ढाड सेकिरहेको छ । गुणस्तरहिन उपभोग्य बस्तुको उपभोगको कारण नसर्ने रोगले बिकराल रुप लिदै गएको छ । गर्ववती अस्पतालमा सुत्केरी हुन् पाएका छैनन् । बेरोजगारी र गरीबी बढ्दै गएको छ तर स्थानीय तह बेखवर छन् । संविधान ,विभिन्न ऐन नियममा सरकारको भूमिकाको अधिकार दिइएका स्थानीय तहहरु मध्ये काठमाडौ लगाएत केहि बाहेक धेरैले आफुलाई स्थानीय सरकारको रुपमा उभ्याउन सकेको देखिदैन् । यहि कारण जनताले नयाँ शाशन व्यबस्था र नयाँ संरचना परिवर्तनको अनुभुती पनि गर्न पाएको देखिदैन् । साविकको गाविस जस्तो अबस्थामा रहेका स्थानीय तहहरु स्थानीय सरकारमा रुपान्तरण हुनु जरुरी छ । यसका लागि निम्न पक्षमा ध्यान दिनुपर्ने देखिन्छ ।

- सुशाशन र बिधिको शाशनको पूर्ण अभ्यास गर्ने ।
- बित्तीय अनुशाशनमा विशेष जोड दिने ।
- कर मात्रै नभएर अन्य आन्तरीक आम्दानीका स्रोतहरुको खोजी गर्ने ।
- परम्परागत घरेलु उत्पादनको प्रोत्साहनका लागि योजना तय गर्ने ।
- स्थानीय स्रोत साधनको परिचालन प्रयोगमा जोड दिने ।
- स्वरोजगार कार्यक्रममा जोड दिने ।
- शैद्धान्तीक होइन व्यबहारीक माटो सुहाउदो योजना बनाउने ।
- आफ्नो क्षेत्र भित्रको विकासको अल्पकालिन ,दिर्घकालिन योजना तय गर्ने ।
- आफ्नो क्षेत्र भित्र शान्ति सुरक्षाको प्रत्याभूती गराउने ।
- प्राकृत्तीक प्रकोप लगाएतको विपत्त प्रतिकार्य योजना बनाउने ।
- शिक्षा ,स्वास्थ्य लगाएतका क्षेत्रलाई विशेष प्राथमिकतामा राखने ।
- आफ्नो क्षेत्र भित्रका जनताको जनस्वास्थयलाई प्राथमिकतामा राखि उपभोग्य बस्तुको गुणस्तरमा बिशेष ध्यान दिने ।
- राजनीतिक हस्तक्षेप ,त्यसैका आधार मा बजेट निर्माणको अन्त्य गर्ने ।
- आफ्ना क्षेत्र भित्रका जनताका हरेक पक्षमा अभिभावकको भूमिकामा उपस्थित हुने ।
- छिटो छरितो र चुस्त प्रशासन संचालन गर्ने ।
- धर्म संस्कृति परम्परागत कार्यलाई पहिचानको रुपमा विकास गर्ने ।
- आफ्नो क्षेत्र भित्र आपसी सदभाव र भाईचाराको भावना कायम गर्ने ।

**निष्कर्ष :**

केन्द्रीकृत शाशन व्यबस्थाको अन्त्य गर्दै संघीय राज्यको अभ्यास गर्ने एक आधारशिलाको रुपमा स्थानीय सरकारको परिकल्पना गरिएको हो । यो तह मात्रै नभएर सिंह दरवारको अधिकार हस्तान्तरण सहितको सरकार पनि हो । करीब एक दशको यसको अभ्यासमा केहि स्थानीय तह बाहेक धेरैले आफुलाई सरकारको भूमिकामा उभ्याउन सकेको देखिदैन् । यहि कारण जनताले पनि घर आँगनमा सरकार भएको अनुभुती गर्न पाएका छैनन् । आफ्नो सेवा सुविधा थप्ने ,राजनीतिक नियुक्ती ,कमिशनको चक्कर र आफुलाई भुर्रे राजाको भूमिकामा उपस्थित गराएका जनप्रतिनिधीले आफुलाई परिवर्तन गरि जनताको दैनिकी , जीवनस्तर सुधार र आफ्नो क्षेत्रको विकास कसरी गर्ने भन्ने पक्षमा केन्द्रीत हुन् पर्ने देखिन्छ । यसो भएमा संविधानले परिकल्पना गरेको स्थानीय सरकारको मर्म अनुशारको अभ्यास हुने कुरामा दुईमत रहँदैन ।

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यक्षेत्रमा उपयुक्त माहोल बन्नेछ। नियमित व्यायाममा ध्यान दिनुहोला। | **तुला**: कार्य गर्न अनुकूल समय छ। साझेदारीमा राम्रो समझदारी कायम हुनेछ। |
| **वृष** : ग्राहकको प्रतिक्रिया उत्साहजनक हुनेछ। मानसिकतामा फरक पन आउनेछ। | **वृश्चिक** : कार्यक्षेत्रमा सफलता मिल्नेछ। प्रेम सम्बन्धमा विश्वास र प्रगाढता थपिनेछ। |
| **मिथुन** : विचारले दिन व्यस्त राख्नेछ। कार्यालयको काममा सहयोग प्राप्त हुनेछ। | **धनु** : बौद्धिक चिन्तनमा मन जानेछ। दम्पतीबीच आपसी समझदारी बढ्नेछ। |
| **कर्कट** : मनमा शान्ति छाउनेछ। साथीभाइसँग आत्मीय कुराकानी हुनेछ। | **मकर** : काम सम्पादन हुँदै जानेछन्। पेशामा उच्च प्रोत्साहन मिल्नेछ। |
| **सिंह** : व्यवसायमा राम्रो लाभ मिल्ने योग छ। जटिल निर्णय लिन सहज हुनेछ। | **कुम्भ**: समूहगत भेटघाटमा सक्रियता बढ्नेछ। नयाँ स्रोतहरू पहिल्याउन सकिनेछ। |
| **कन्या** : नतिजा सुखद रहनेछ। वैदेशिक काममा प्रगति हुने सम्भावना छ। | **मीन** : जिम्मेवारी निभाउन सकिनेछ। सल्लाहले ठूलो मद्दत पुऱ्याउनेछ। |

# साहित्य दर्पण

निबन्ध — नम्रता गुरागाई

## ब्यबहारिक शिक्षाका ८ कक्षा

उ मभित्रै थिइ । म एक्लै बोलिरहन्थे । म बोलीरहंदा उसले बेलाबेला चलाएका खुट्टा स्वीकृतिमा चलाएजस्तै लाग्थ्यो । मेरा कुरा उसले सुनी कि भनेर दंग पर्दै म अझै बोल्दै गएं । बढेको पेट सुम्सुम्याउदै उसंग एक अर्काका आड र भरोसाका कुरा गरें । जीवनका उकाली र ओरालीका कुरा गरें । दुख र सुखका कुरा गरें । मांया र प्रेमका कुरा गरें । उसले टाउकोले भित्तो हान्दा मैले भनेको सांच्चै बुझिकि भनेर अझै बोल्दै गएं । हितैसीसंग सुखदुख बाडेंजस्तो पेटभित्रको बालकलाइ आफनो अन्तरंग बाडदै गएं । मेरो शरिरमा आएको परिवर्तनले मलाइ नवयौवनाबाट आमाको समुहतिर धकेल्दै थियो । म सकिनसकी हिडिरिहें सायद आफैभित्र हुर्किंदै गएको वालक हिंडेको हेर्ने दिन संझिएर होला । जीवनको नयां अध्यायमा मैले परिच्छेदहरु थप्दै गएं । रंग बदलियो, मेरो जीवनको ढंग बदलियो । सुन्दर जीवनको कल्पना गर्ने मेरो आशा बदलिंदा जीवनलाइ बुझ्ने भाषापनि बदलियो । सबैकुरा सर्मपणले डोर्याउन थाले । आफनो नभएर उसकै जीवन वांचेको अनुभुत गर्न थालें । उसलाइ सकुसल धर्तीमा ल्याउन खानेकुराहरु छानेर खान थालें । लाउने कुराहरु छानेर लाउन थालें । कहिले उजस्तै सानो वालकमा आफूलाइ रुपान्तरित गरेर उसंगै खेलेको कल्पना गर्न थालें त कहिले आमामा रुपान्तरित गरेर जिम्मेबारीको भारी बोकेको कल्पना गर्न थालें । आफनो जीवनलाइ धेरैतिरबाट सोच्न थालें । देखेर सोचेका कुरालाइ विगतमा थन्क्याएर भोगेर सोच्न थालें । उ मभित्र बढदै गइ । म झन झन उसकै आउने दिनको कल्पनामा डुब्न थालें, चिनीको चास्नीमा कमिला डुबेजस्तो । "काली छ कि गोरी छ, सोझी छ कि चंचले मोरी छ" कस्ती छ कस्ती, अनेक कल्पनाहरु आंखाको पर्दामा आउदै जादै गर्न थाले । संझदा मात्रपनि आफैलाइ काउकुती लागेझै हुन थाल्यो । सोच्दा सोच्दै उ मेरो सर्बस्व भइ । म उसका बारेमा सोचेर अघाउन छोडें । आउने दिन त अझै धेरै वांकी छ किन यसरी म मातृस्नेहमा डुबें होला ? जीवनको नाटक त भर्खर शुरुमात्र भएको छ, पात्रलाइ सहि बाटो देखाउन सकुंला कि नसकुंला हेर्न बांकी नै छ तर किन म सफलता पाइसकेजस्तो गर्न थालें ? बेलाबेला आफैलाइ प्रश्न गर्थें । ति सोचाइहरुले मलाइ कहिल्यै दुखाएनन बरु ब्यबहारमा पस्न सिकाए । ति सोचाइहरु मलाइ कहिल्यै विझाएनन बरु चिन्ताले बिझाएका आंखामा मलम भएर बस्न आए । म दिनभरी उसंगै बस्ने कल्पना गर्न थालें । कस्तो अचम्म आफनो हिडडुल गर्ने स्वतन्त्रता कसैलाइ दिएर आफु बाधिनपनि मन पराउंदोरहेछ मान्छे । उ धर्तीमा आइ । आउनुपर्ने समयभन्दा थोरै पछि आइ तर मेरो काख भरी पारेर आइ । उसलाइ आंखा अगाडि देख्नु थियो देखें र शुरु भैसकेको जीवनको नयां अध्यायमा नयां परिच्छेद थप्नु थियो, थप्न थालें । मेरो शरिरमा उ रक्तसंचार भएर आइ । उ रुंदा काखैमा लुकाएं । उ हांस्दा आंखैमा लुकाएं । यो कुनै मैले देखेको मिठो सपना मात्रै त होइन ? बेलाबेला झस्किन्थें तर त्यो विपना नै थियो जसलाइ स शरिर देख्न मैले करिब करिब १० महिना दुख गरेकि थिएं । प्रकृतिले जिम्मेबारी दियो, मैले सहर्ष

*मेरो शरिरमा आएको परिवर्तनले मलाइ नवयौवनाबाट आमाको समुहतिर धकेल्दै थियो । म सकिनसकी हिडिरिहें सायद आफैभित्र हुर्किंदै गएको वालक हिंडेको हेर्ने दिन सझिएर होला । जीवनको नयां अध्यायमा मैले परिच्छेदहरु थप्दै गएं । रंग बदलियो, मेरो जीवनको ढंग बदलियो । सुन्दर जीवनको कल्पना गर्ने मेरो आशा बदलिंदा जीवनलाइ बुझ्ने भाषापनि बदलियो । सबैकुरा सर्मपणले डोर्याउन थाले । आफनो नभएर उसकै जीवन वांचेको अनुभुत गर्न थालें । उसलाइ सकुसल धर्तीमा ल्याउन खानेकुराहरु छानेर खान थालें । लाउने कुराहरु छानेर लाउन थालें । कहिले उजस्तै सानो वालकमा आफूलाइ रुपान्तरित गरेर उसगै खेलेको कल्पना गर्न थालें त कहिले आमामा रुपान्तरित गरेर जिम्मेबारीको भारी बोकेको कल्पना गर्न थालें । आफनो जीवनलाइ धेरैतिरबाट सोच्न थालें । देखेर सोचेका कुरालाइ विगतमा थन्क्याएर भोगेर सोच्न थालें । उ मभित्र बढदै गइ ।*

स्वीकार गरें तर बहन गर्न सजिलो थिएन नयां आमालाइ । तैपनि आमाहरुको समुहमा थपिएर आमा हुनुका गुणहरु सिक्दै गएं । सबैभन्दा धेरै सहन सिक्न थालें । बिना कसुर कसैसंग नहार्ने मान्छे उसंग सजिलै हार्न थालें । मेरो आमारुपी ममता छताछुल्ल भएर उसैमाथि पोखिन थाल्यो । हरेक आमाले आफना सन्तानलाइ दिएको राम्रो संसार मैलेपनि उसलाइ दिन थालें । उ बढदै गइ । अलिअलि जरकमरक गर्न थाली, पल्टिन सिकाएं । उठुंलाजस्तो गरी, हात समातेर ताते गर्न सिकाएं, हिडन सिकाएं । उसले केही फरक आवाज निकाल्न थालेपछि मैले बोल्न सिकाएं । समय वित्दै गयो हात समातेर केही लेख्न सिकाएं, थोरै परसम्म देख्न सिकाएं । समयलेपनि थाहै नपाइ उसलाइ पांचवर्ष हालिदिइसकेछ । हेर्दै हेर्दै उ ठुली भइ । मलाइ दिनभरी छोडेर उ विद्यालय जाने भइ । उ विद्यालय गएको दिन अमेरिकन पौडीवाज माइकल ल्फिपले पौडीमा गोल्ड मेडल जितेको थियो । माइकलकि आमाको खुशीभन्दा कम खुशी भएन मलाइ । माइकलकि आमाले देखेको सपनाभन्दा कुनै फरक भएन मेरो सपनापनि । उसको र मेरो मात्र जिताइको प्रकृति फरक थियो । भोलिपल्टदेखि मपनि विद्यालय जान थालें । फरक त्यति मात्र - उ ओपचारिक विद्यालयमा भर्ना भइ म अनौपचारिक विद्यालयमा भर्ना भएं अर्थात छोरीसंगै पढन थालें । उ दिनभरी विद्यालय गएर नयां कुरा सिकेर आउन थाली, म घरमा उसले पढेका कुराहरु उसंगै पढन थालें । हरेक शैक्षिकसत्रमा उ पुरानो कक्षा सकेर नयां कक्षा चढदा मपनि कक्षा चढेको अनुभती गर्न थालें । त्यो दक्षता मैलेपनि हासिल गरेको हो भन्न थालें । छोरीसंगै मपनि बलियो बन्दै गएं, कहिले उसलाइ सिकाएर त कहिले उबाट सिकेर । साना कुरामा दिमाग नपुर उसको चित्त दुख्दा थुक्क गोज्यांग्री अझै आमा भैसकेकि छैनस भन्दै आफूले आंफैलाइ गाली गर्थें । उबाट सिक्नुपर्दा कहिलेकाहिं आमाको ओहदाले जिस्क्याएझैं लाग्थ्यो । आफूले पाएको ओहोदालाइ बलियो बनाउनैका लागिपनि सिक्न थाले छोरीले सिकेजस्तो । परेको बेला आमाले धामी, झांक्री, डाक्टर, बैद्य सबैको भुमिका खेल्नुपर्छ भनेको सुनेकी थिंए, उसका दैनिक नाटकमा सहभागी हुंदा क्रमश: आफूलेपनि ति भूमिका खेल्न थालें । छुमन्तरले हटेका समस्याले उसमा आमा जे गर्नपनि सक्छे भन्ने विश्वास बढदै गयो तर आमा जे गर्नपनि सक्ने थिइन मात्र सक्छु भन्ने विश्वासले काम गर्थे । आक्कलझुकलको ढटाइपनि साच्चै मिठो र पछिसम्म सम्झन लाएककै हुंदोरहेछ । छोरी बढदै गइ । आमालेपनि आफूमा ब्यबहारिक ज्ञान बढाउदैं लगें । काम नभएको बेला उसंगै खेल्न थालें । उसंग खेल्ने क्रममा मैले मेरा साथीहरुसंग खेलेका गटटी, सिन्का लुकाइ, कबडी र रींङ्गलाइ हट पोटेटो, स्लाइड, सुइङ्गमा रुपान्तरित गर्दै लगें । कहिले उसलाइ जिताउनकालागि मैले हारें, कहिले उसलाइ सिकाउनका लागि मैले हारें । अझै हारिरहेकै छु तर जित्नका लागि । अझै पछि परिरहेकै छु तर अघि जानका लागि । कुनै मनदुखाइ छैन यो हराइमा । कुनै इबी सांधिदैन यो हराइमा । कस्तो आनन्द हराइमापनि, कस्तो खुशी हराइमापनि । नयां देश र नया परिवेशमा छोरीसंगै म पढदै गएं । छोरीसंगै मपनि बढदै गएं । सिकाइको यात्रामा निस्किदा धेरै उकाली चढें धेरै ओरालीपनि झरें । छोरीसंगै पास हुदै गएर आज आठ कक्षाको अन्त्य अर्थात निम्न माध्यामिक तहको शिक्षाको संघारमा उसंगैं उभिएकी छु । उसले विद्यालयबाट प्रमाणपत्र पाइ तर त्यो भन्दा ठुलो प्रमाणपत्र त मैले उसलाइ पाएकी छु । धेरै धेरै बधाइ तथा शुभकामना छोरी ! माध्यामिक शिक्षाको संघारमा उभिएको बेला आउ हामी एकैसाथ हातेमालो गरौं । म फेरी तिम्रो विद्यालयमा भर्ना हुनेछु । तिमीसंगै पढनेछु । चुचुरो छाम्न आधारशिविरमै खुटटा कमाएर कहां हुन्छ र? आउ म तिम्रो यात्राको शुरुवात गर्छु । तिमीले हिडने बाटो त तिमी आफैले खन्नुपर्छ म कोदालो समाउनभने पक्कै सिकाउंछु । तिम्रो जीवनको चालक त तिमी आफैं हुनुपर्छ, अप्ठयारामा ब्रेक लाउन भने म पक्कै सिकाउछुं ।

*-समकालिन साहित्य डटकम*

कथा — बाबुराम लम्साल

## नवपुस्ता: बाको पसिना



गाउँको पुछारमा एउटा सानो घर थियो । घरको आँगनसम्म आइपुग्ने बुढो काभ्रोको रूख थियो । त्यहीँ छहारीमा बसेर हरिप्रसादले धेरै पटक आफ्नो छोराको भविष्य कल्पना गरेका थिए । चलअचल सम्पत्ति धेरै थिएन । थोरै खेत, आकासे पानीको भर पर्ने पाखेबारी, एउटा पुरानो माटेघर र केही थान गाईबस्तु नै परिवारको जीवनको आधार थियो । तर हरिप्रसादले मनमा भने छोराका लागि ठूलो सपना बुनेका थिए । उनी आफूले नपाएको अवसर छोराले पाओस् भन्ने चाहन्थे । छोरो सुमन सानैदेखि पढाइमा राम्रै थियो । विद्यालयबाट फर्किएपछि ऊ बाबुसँग दिनभरिका कुरा सुनाउँथ्यो । हरिप्रसाद भने खेतबाट थाकेर फर्किए पनि छोराको कापी हेर्न कहिल्यै अल्छी मान्दैनथे । कहिलेकाहीँ राति बत्ती निभिसकेपछि पनि सुमन पढिरहेको हुन्थ्यो । छोराको अनुहारमा टल्किएको उज्यालो हेर्दै हरिप्रसाद मनमनै भन्थे, "यसले राम्रो पढ्न पायो भने मेरो दुःख खेर जाँदैन ।" समयसँगै सुमनको पढाइ अगाडि बढ्दै गयो । गाउँमा कलेजको राम्रो व्यवस्था थिएन । शहरमा पढाउनुपर्ने भयो । खर्चको हिसाब गर्दा हरिप्रसाद केहीबेर मौन बसे । घरमा भएको आम्दानीले त्यो खर्च धान्न गाह्रो थियो । अन्ततः उनले आृनो खेतको एउटा टुक्रा बेच्ने निर्णय गरे । आमाले रोक्दै भनिन्, "त्यही खेतले त हामीलाई पाल्छ ।" हरिप्रसादले लामो सास फेरे, "खेत फेरि जोडौँला । तर छोराको उमेर फर्केर आउँदैन ।" त्यो दिन बेचिएको खेतको पैसा सुमनको पढाइमा लाग्यो । सुमन शहर गयो । बाबाले पैसा पठाइरहे । कलेजको शुल्क, किताब, लुगा र बसाइखर्च सबैको हिसाब हरिप्रसादले आफ्नै शरीरसँग मिलाएर राखेका थिए । आफूलाई नयाँ कपडा किन्न नसके पनि छोराका लागि कहिल्यै कमी हुन दिएनन् । तर केही वर्षपछि खर्च झन् बढ्दै गयो । सुमनले विदेश जाने कुरा गर्न थाल्यो । उसका साथीहरू विदेश गइरहेका थिए । ऊ पनि ठूलो सपना बोकेर बाबुसामु उभियो । "बा, यहाँ बसेर के नै हुन्छ र ? एक पटक विदेश गएँ भने केही वर्षमै राम्रो कमाउन सक्छु ।" हरिप्रसादले छोराको अनुहार हेरे । उसलाई रोक्ने धेरै कुरा मनमा आए । विदेशमा दुःख हुन्छ भन्ने सुनेका थिए । आृनै जीवनमा भोगिसकेका थिए । तर छोराको आँखामा देखिएको सपना देखेर उनले आफ्ना शब्दहरू निले । "जाने हो भने राम्रोसँग जा," उनले भने, "तर जहाँ पुगे पनि आफूलाई जन्माउने माटो र हुर्काउने मान्छे नबिर्सनू ।" विदेश जाने खर्च जुटाउन फेरि पैसा चाहियो । घरको बाँकी जग्गामध्ये केही बेचियो । वर्षौं लगाएर जोडेको सम्पत्तिको एउटा ठूलो हिस्सा छोराको हातमा पुग्यो । हरिप्रसादलाई त्यसको दुःखभन्दा छोराको भविष्यको चिन्ता ठूलो थियो । सुमन विदेश पुग्यो । सुरुका दिनहरू कठिन थिए । ऊ बाबालाई फोन गरेर आफ्ना दुःख सुनाउँथ्यो । "बा, काम साह्रै गाह्रो रहेछ ।" हरिप्रसाद हाँस्दै भन्थे, "दुःखसँग डराएर त मैले तँलाई यहाँसम्म ल्याएको होइन नि । केही समय सहनू । दिन फेरिन्छ ।" दिन फेरियो पनि । सुमनको काम राम्रो भयो । आम्दानी बढ्यो । नयाँ साथी बने । राम्रो कोठा भयो । घुमघाम बढ्यो । उसको जीवनमा नयाँ संसार थपिँदै गयो । फोन भने बिस्तारै घट्दै गयो । पहिले हरेक दिन आउने फोन हप्तामा पुग्यो । त्यसपछि कहिलेकाहीँ । हरिप्रसादले फोन गर्दा पनि धेरै पटक "अहिले व्यस्त छु बा, पछि गर्छु" भन्ने जवाफ आउन थाल्यो । त्यो "पछि" कहिल्यै आउँदैनथ्यो । उता हरिप्रसादको शरीर कमजोर हुँदै थियो । खेत घटिसकेको थियो । श्रीमती पनि बिरामी भइरहन्थिन् । घर सुनसान जस्तै अनि आँगनमा पहिलेको चहलपहल थिएन । साँझ पर्दा हरिप्रसाद ढोकातिर हेरेर बसिरहन्थे । एक दिन उनले सुमनलाई फोन गरे । "बाबु, धेरै दिन भयो तेरो आवाज सुन्न नपाएको ।" उताबाट केहीबेर मौनता आयो । "बा, काम धेरै छ । तपाईंले औषधि खानुभएको छ ?" "खाएँ । तिमी कहिले आउँछौ ?" "अहिले त गाह्रो छ बा । बिदा मिल्दैन ।" हरिप्रसादले फेरि केही भनेनन् । "ठीक छ, आफ्नो ख्याल राख्नु," भनेर फोन राखे । त्यस रात उनले पुरानो बाकस खोले । सुमन सानो हुँदा लगाएको विद्यालयको पोसाक त्यहाँ अझै थियो । एउटा पुरानो कापीको पानामा बालकको अक्षरमा लेखिएको थियो–"म ठूलो भएपछि बाबालाई राम्रो घर बनाइदिन्छु ।" हरिप्रसाद मुस्कुराए । आँखाको कुनामा आएको आँसु हातको पछाडिको भागले पुछे । त्यसपछि उनको स्वास्थ्य झन् बिग्रियो । छिमेकीहरूले अस्पताल लैजान खोजे । उनले मानेनन् । "छोरो टाढा छ," उनले भने, "उसलाई दुःख नदिऔँ ।" तर अन्तिम समय कसैको इच्छाअनुसार रोकिँदैन । एक बिहान हरिप्रसादको सास रोकियो । छिमेकीले सुमनलाई खबर गरे । फोनको अर्को छेउमा केहीबेर ऊ बोल्न सकेन । धेरै वर्षपछि उसले बाबाको आवाज सम्झियो, "जहाँ पुगे पनि आफूलाई जन्माउने माटो र मान्छे नबिर्सनू ।" यस पटक त्यो आवाज सम्झनामा मात्र थियो । सुमन नेपाल आयो । घरको आँगन उस्तै थियो, काभ्रोको रूख उस्तै गरी घरलाई हेरिरहेको थियो, तर बा थिएनन् । अन्त्येष्टिपछि ऊ एक्लै बाबाको कोठामा पस्यो । खाटको छेउमा पुरानो चप्पल थियो । भित्तामा झुन्डिएको कमिजमा पसिनाले बनाएका फिक्का दागहरू थिए । टेबलमाथि एउटा पुरानो कागज थियो । उसले उठाएर हेर्‍यो । त्यो उसकै विदेश जाने बेलाको खर्चको हिसाब थियो- जग्गा बेचेर आएको रकम, ऋण, कलेजको शुल्क, टिकटको पैसा । सबैभन्दा तल बाबाको आृनै अक्षरमा एउटा वाक्य थियो- "छोराको भविष्यका लागि खर्चिएको पैसा खर्च होइन ।" सुमनले कागज हातमा लिएर धेरैबेर टोलाइरह्यो । उसले अचानक आफ्नो विगत सम्झियो । बाबाले बेचिदिएको खेत, आफूले नचाहँदा पनि नयाँ जुत्ता किनिदिएको दिन, विदेश जानुअघि बाबाले हातमा राखिदिएको पैसा, बिरामी हुँदा पनि "म ठीक छु" भनेर ढाँटेको आवाज- सबै एकै पटक फर्किए । उसले बाबालाई पैसा पठाएको थियो । कहिलेकाहीँ महँगो सामान पनि पठाएको थियो । तर बाबाले चाहेको कुरा कहिल्यै पठाएको थिएन- आफ्नो समय । केही दिनपछि सुमनले घरको बाँकी कागजपत्र मिलाउन थाल्यो । बाबाले जोडेको सम्पत्तिको धेरै भाग उसको विदेश जाने खर्च र आफ्नै सुखसुविधामा सकिइसकेको रहेछ । हातमा बाँकी रहेको घर पनि उसलाई अब भारी लाग्न थाल्यो । विदेश फर्कने दिन उसले आँगन नजिकैको काभ्रोको रूखलाई हेर्‍यो । बाल्यकालमा त्यही रूखमुनि बसेर बाबासँग उसले संसारका कुरा सिकेको थियो । ढोकाबाट निस्कँदै गर्दा उसको आँखा फेरि बाबाको पुरानो चप्पलमा पर्‍यो । उसले केही क्षण त्यसलाई हेरिरह्यो, तर साथमा लैजान सकेन । बस गाउँको बाटो हुँदै तल झर्‍यो । सुमनको हातमा विदेशको टिकट थियो । साथमा बाबाले छोडेको केही कागज थियो । तर उसको मनमा एउटै कुरा घुमिरह्यो- बाको पसिनाले बनाएको जीवन उसले पाएछ, तर त्यो पसिनाको मूल्य बुझ्ने समय भने बासँगै सकिएछ । *-साहित्य पोष्ट डटकम*

*शहरमा पढाउनुपर्ने भयो । खर्चको हिसाब गर्दा हरिप्रसाद केहीबेर मौन बसे । घरमा भएको आम्दानीले त्यो खर्च धान्न गाह्रो थियो । अन्ततः उनले आफ्नो खेतको एउटा टुक्रा बेच्ने निर्णय गरे । आमाले रोक्दै भनिन्, "त्यही खेतले त हामीलाई पाल्छ ।" हरिप्रसादले लामो सास फेरे, "खेत फेरि जोडौँला । तर छोराको उमेर फर्केर आउँदैन ।" त्यो दिन बेचिएको खेतको पैसा सुमनको पढाइमा लाग्यो । सुमन शहर गयो । बाबाले पैसा पठाइरहे ।*

# दुई वर्षे इङ्लिश एक्सेस कार्यक्रमका ३८ विद्यार्थी दीक्षित



**तानसेन,** असोज १६/नेपाल अंग्रेजी भाषा शिक्षक संघ (नेल्टा) पाल्पाको आयोजनामा सञ्चालित दुई वर्षे 'इङ्लिश एक्सेस माइक्रो स्कलरशिप कार्यक्रम' अन्तर्गत ३८ जना विद्यार्थी दीक्षित भएका छन् । विद्यार्थीहरूको ग्राजुएशन कार्यक्रम तानसेनमा भएको हो ।

क्षेत्रीय अंग्रेजी भाषा कार्यालय अमेरिकी राजदूतावास काठमाडौं (रीलो काठमाडौं) र नेल्टा केन्द्रीय कार्यालय काठमाडौंको सहयोगमा सञ्चालित कार्यक्रममा विद्यार्थीहरूले दैनिक दुई घण्टाका दरले साप्ताहिक आठ घण्टा अंग्रेजी भाषा अध्ययन गरेका थिए । भाषा शिक्षणसँगै सामाजिक कार्य, अवलोकन भ्रमण, अन्तरक्रियात्मक क्याम्पलगायतका गतिविधिमार्फत विद्यार्थीलाई अंग्रेजी भाषासँगै नेपाल र अमेरिकाका सांस्कृतिक तथा सामाजिक पक्षबारे जानकारी दिइएको थियो । कार्यक्रमबाट सञ्चार सीप, नेतृत्व क्षमता, सहकार्य तथा अन्य २१औं शताब्दीका आवश्यक सीप विकास गर्न सहयोग पुगेको सहभागी विद्यार्थीहरूले बताएका छन् । समापन कार्यक्रममा रीलो काठमाडौंका प्रमुख डेभिड फेले विद्यार्थीहरूको सक्रियता र विभिन्न गतिविधिको प्रशंसा गर्दै विश्वका विविध संस्कृतिबारे जानकारी गराउँदै भविष्यका लागि सक्षम नागरिक निर्माण गर्न अमेरिकी सरकारले कार्यक्रममार्फत सहयोग गर्दै आएको बताए । नेल्टा केन्द्रीय कोषाध्यक्ष डा. गंगालक्ष्मी भण्डारीले नेल्टा र रीलोको सहकार्यमा सञ्चालित एक्सेस कार्यक्रमबाट हालसम्म १ हजार ७ सय विद्यार्थी दीक्षित भइसकेको जानकारी दिइन् । उाले यस वर्ष मात्रै २ सय विद्यार्थी दीक्षित हुने बताइन् । नेल्टा एक्सेस कार्यक्रम संयोजक सुदिप न्यौपानेले हालसम्म २२ जिल्लाका ४४ स्थानमा एक्सेस कार्यक्रम सञ्चालन भइसकेको जानकारी दिँदै सन् २०२७ देखि पाल्पासहित पाँच जिल्लामा कार्यक्रम सञ्चालन गरिने बताए । नेल्टा लुम्बिनी प्रदेश समिति अध्यक्ष गोपालप्रसाद वश्यालले एक्सेस कक्षामा देखिएको विद्यार्थीहरूको सिकाइप्रतिको तत्परता र उत्साहलाई आजीवन कायम राख्न आग्रह गरे । एक्सेस शिक्षक मीरा ज्ञवालीले विद्यार्थीहरूको सिकाइप्रतिको रुचिको प्रशंसा गर्दै सफलताको शुभकामना दिइन् । जनता माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा अभिभावक रामजी पोखरेलले कार्यक्रम प्रभावकारी रहेको बताउँदै आयोजक तथा सहयोगी संस्थालाई धन्यवाद दिए । कार्यक्रममा सहभागी जनता माध्यमिक विद्यालयका छात्र इतिहास वलीले एक्सेस कार्यक्रमबाट अंग्रेजी भाषिक सीपसँगै विभिन्न सामाजिक सीपको समेत विकास भएको अनुभव सुनाए । कार्यक्रममा रीलो काठमाडौंका प्रमुख डेभिड फे, नेल्टा केन्द्रीय कोषाध्यक्ष डा. भण्डारी, नेल्टा लुम्बिनी प्रदेश अध्यक्ष वश्याल, रीलो विशेषज्ञ विश्वराज गौतम, नेल्टा पाल्पाका अध्यक्ष कमलराज वश्याल, जनता माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष रामजी पोखरेल तथा सहभागी विद्यालयका प्रधानाध्यापकहरूले विद्यार्थीहरूलाई प्रमाणपत्र वितरण गरेका थिए । तानसेनस्थित जनता माध्यमिक विद्यालयमा सञ्चालित एक्सेस कार्यक्रममा शिक्षकहरू गोपाल ढुंगाना, मीरा ज्ञवाली, विनोद भट्टराई र सीता रास्कोटीले कक्षा सहजीकरण गरेका थिए ।

## खेलकुद समाचार

### लिग-२ शृङ्खलाका लागि नेपालको टोली घोषणा



**काठमाडौं,** असोज १६/ओमानमा हुने आईसीसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गतको त्रिदेशीय शृङ्खलाका लागि सन्दीप लामिछानेको कप्तानीमा १५ सदस्यीय नेपाली टोली घोषणा गरिएको छ । नेपाल क्रिकेट संघ (क्यान)ले आज घोषणा गरेको टोलीमा ओपनिङ ब्याटर कुशल भुर्तेल, तीव्र गतिका बलर सोमपाल कामी र हेमन्त धामीलाई समावेश गरिएको छैन । टोलीमा अनुभवी र युवा खेलाडीलाई समेटिएको छ । ओपनिङ ब्याटिङतर्फ आसिफ शेख र अर्जुन कुमालले निरन्तरता पाएका छन् । यस्तै, तीव्र गतिको बलिङतर्फ करण केसीसँगै नन्दन यादवलाई राखिएको छ । टोलीमा कप्तान लामिछानेसहित आसिफ शेख, दीपेन्द्रसिंह ऐरी, देव खनाल, इशान पाण्डे, रोहित पौडेल, सन्दीप जोरा, गुलशन झा, बासिर अहमद, ललित राजवंशी, शाहब आलम र शेर मल्ल रहेका छन् । विश्वकप लिग-२ अन्तर्गतको शृङ्खला यही असोज २१ गतेदेखि ओमानमा शुरु हुनेछ । शृङ्खलामा आयोजक ओमानसँगै नेपाल र क्यानडाले प्रतिस्पर्धा गर्नेछन् । यो शृङ्खला तीन वटै टोलीका लागि महत्त्वपूर्ण छ । अहिले अंक तालिकामा ओमान २८ खेलमा ३१ अंकका साथ चौथो, क्यानडा ३२ खेलमा २५ अंकसहित छैटौं तथा नेपाल ३२ खेलमा २४ अंकसहित सातौं स्थानमा छ ।

## अर्थ/कर्पोरेट समाचार

### सेयर बजार दोहोरो अंकले घट्यो



**पाल्पा,** असोज १६/बिहीबार सामान्य अंकले बढेर बन्द भएको सेयर बजारमा आज दोहोरो अंकको गिरावट आएको छ । नेप्से परिसूचक ११ दशमलव ९० अंकले घटेर २५८७ दशमलव २५ विन्दुमा पुगेको हो ।

बिहीबार नेप्से परिसूचक शून्य दशमलव २६ अंकले बढेर २५९९ दशमलव १५ विन्दुमा पुगेको थियो । ४ अर्ब ८९ करोड मूल्य बराबरको कारोबार भएको थियो । नेप्से घटेसँगै कारोबार रकममा पनि बिहीबारको तुलनामा कमी आएको छ । यसदिन ४ अर्ब २९ करोड मूल्य बराबरको सेयर कारोबार भयो । शुक्रबार ३५६ वटा स्क्रिप्सको १ करोड १९ लाख १२ हजार ५५० कित्ता सेयर ४ अर्ब २९ करोड ३७ लाख ७४ हजार १८१ रुपैयाँमा खरिदबिक्री भए । एनएमबी डिवेन्चर १० दशमलव ७५ प्रतिशत-२०८९/९० को सेयर सर्वाधिक १४ दशमलव २९ प्रतिशतले बढ्दा १० दशमलव ७५ प्रतिशत एसबीएल डिवेन्चर २०८९को ८ दशमलव ८० प्रतिशतले बढ्यो । सिन्धु विकास बैंकको सेयर सर्वाधिक ८ दशमलव ५५ प्रतिशतले घट्यो । २६ करोड मूल्य बराबरको सेयर कारोबार गरी १० दशमलव ७५ प्रतिशत एसबीएल डिवेन्चर २०८९ शीर्षस्थानमा रह्यो । रिलायन्स स्पिनिङ्गस मिल्सले १५ करोडको कारोबार गर्दा आँखु खोला जलविद्युतको १४ करोड,घलेम्यादी हाइड्रोपावरको १३ करोड र हिमालयन डिस्टिलरीको १३ करोडको कारोबार भयो । कारोबारमा आएकामध्ये ६१ वटा स्टक्सको मूल्य बढ्दा २०७ वटाको घट्यो ।११ वटा स्टक्सको मूल्य स्थिर रह्यो । म्युचुअल फण्डबाहेक बाँकी अरु समूहको उपसूचक नकारात्मक देखिए ।

## सुरक्षित घर पाएपछि...

...उनले बालबालिकाको शिक्षादेखि परिवारको आयआर्जनसम्मका विषयमा नगर सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । एउटा घर निर्माणमा ८ लाख १४ हजार ६ सय ८० रुपैयाँ १२ पैसा बराबर खर्च भएको टुकी फाउण्डेशनका कार्यकारी निर्देशक शिला सेनले बताइन् । रामपुर नगरपालिकाले प्रतिघर २ लाख ५० हजार रुपैयाँ सहयोग गरेको छ भने बाँकी खर्च फाउण्डेशनले व्यहोरेको उनको भनाई छ । फाउण्डेशनले आवास निर्माणमा ६० प्रतिशत र पालिकाले ४० प्रतिशत साझेदारी गर्ने गरी विभिन्न स्थानमा काम गर्दै आएको जनाएको छ । गास, बास र कपासको समस्यामा रहेका एकल आमा तथा पछाडी पारिएका समुदायको आवश्यकता पहिचान गरी फाउण्डेशनले कार्यक्रम सञ्चालन गर्दै आएको सेनले बताए । घर हस्तान्तरणपछि तीनै परिवारको जीविकोपार्जनमा सहजता ल्याउन उनीहरूले रोजेको व्यवसाय सञ्चालनका लागि प्रतिपरिवार ३० हजार रुपैयाँ पनि सहयोग गर्ने योजना पनि फाउण्डेशनले अघि सारेको छ । नगरपालिकाकी उपप्रमुख बालकुमारी थापाले श्रीमान् गुमाउँदाको पीडामाथि ओतको समस्या झेलिरहेका आमाहरूका लागि यो प्रयास ठूलो राहत बनेको बताइन् । रामपुर नगरपालिका -६ का वडा अध्यक्ष दिवाकर देवकोटा, वडा नं. ४ का वडा अध्यक्ष राम बहादुर राना र वडा नं. २ का वडा अध्यक्ष कृष्ण बहादुर दर्जीले आफ्ना नागरिकहरु खुसी हुँदा आफुहरुमा पनि खुसी मिलेको बताए ।

## छुट्टाछुट्टै सवारी दुर्घटनामा...

...यस्तै अछामको पञ्चदेवल विनायक नगरपालिका-७ पुल्लेतोलास्थित सडकमा ट्र्याक्टरबाट खसेर एक जनाको मृत्यु भएको छ । कर्णाली प्रदेश ०२-००१ त ०२३१ नम्बरको ट्र्याक्टरबाट खसेर ट्र्याक्टरमा सवार सोही ठाउँ बस्ने ६७ वर्षीय कृत सिंह घर्तीको घटनास्थलमै मृत्यु भएको हो । ट्र्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै कास्कीको पोखरा महानगरपालिका-१ सिमपानीस्थित सडकमा मोटरसाइकलको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ । हेम्जाबाट हरिचोकतर्फ आउँदै गरेको ग.९ प ७३५६ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने माछापुच्छ्रे गाउँपालिका-४ लाहाचोक घर भएकी ५९ वर्षीया ईन्द्रकला पौडेलको शुक्रबार दिउँसो मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको साहारा अस्पताल पोखरामा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै सिराहाको कर्जन्हा नगरपालिका-४ भुल्केस्थित सडकमा म.प्र.०३-००२ ख ३९९६ नम्बरको टिपरले म.प्र.०१-००१ ज ०१२४ नम्बरको ईभी गाडीलाई शुक्रबार बिहान ठक्कर दिँदा ईभी गाडीमा सवार गोलबजार नगरपालिका-४ बस्ने ४५ वर्षीया शोभा कुमारी यादवको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनको फूलकुमारी महतो मेमिरियल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका ईभी गाडी चालक समेत ३ जनाको मेडिसिटी अस्पताल काठमाडौंमा र २ जनाको न्यूरो अस्पताल विराटनगरमा उपचार भइरहेको छ । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१


## हुलाक सेवा: नागरिकको विश्वास

- हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं,
- दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं,
- हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं,
- हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं,
- चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङमा ध्यान दिऔं,
- हुलाक सेवाको डिजिटल रूपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं,
- हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं,
- आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं ।




नेपाल सरकार
विज्ञापन बोर्ड


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई